म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ७६ आइतबार २८ असोज २०८० ने. सं. ११४३ ञलगा 15 October 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## प्रहरी र टिभिएसको सहकार्यमा हेल्पडेस्क

हेटौंडा, २७ असोज/जिल्ला प्रहरी कार्यालय मकवानपुर र नेपालमा टिभिएस मोटरसाइकलको आधिकारिक बिक्रेता जगदम्बा मोटर्सले हेटौंडाको मेनरोड पिपलबोटचोकमा नागरिक सहायता कक्ष स्थापना गरी सञ्चालनमा ल्याएको छ । चाडबाडको समयमा नागरिकलाई पर्ने समस्या र अस्वभाविक क्रियाकलापको सहजिकरण गर्नको लागि सहायता कक्ष स्थापना गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । जगदम्बा मोटर्सले हेटौंडा अटोमार्टमार्फत नागरिक सहायता कक्ष बनाउन सहयोग गरेका अटोमार्टका सञ्चालक प्रवेशराज बरुवालले बताए । चाडबाडको समयमा हुने भिडभाड, यात्रुहरुमा पर्ने समस्या लगायतका बिषयमा सहायता कक्षमार्फत सहजकिरण गरिने जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरी कार्यालय मकवानपुरले सहायता कक्ष २४ घण्टा नै सञ्चालन हुने र कुनै समस्या आए सहायता कक्षबाट सहयोग लिन आग्रह गरेको छ ।

# हेटौंडास्थित पत्रकार महासंघ प्रदेश कार्यालयमा ताला

साझाकुरा संवाददाता

हेटौंडा, २७ असोज/ हेटौंडा-११ थानाभञ्याङस्थित नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको कार्यालयमा शनिवार तालाबन्दी गरिएको छ ।

राजनीतिक आस्था राखी गैह्रपत्रकारलाई नयाँ सदस्यता दिलाउन लागि केन्द्रीय समितिमा सिफारिस गरेको, पत्रकारितामै क्रियाशील पत्रकारलाई राजनीतिक प्रतिशोधले सदस्यता काट्ने रणनीतिले सिफारिस गरेकोलगायतका कारण देखाएर शनिवार प्रदेश समिति कार्यालयमा प्रेस चौतारी नेपाल बागमती प्रदेश कमिटीले तालाबन्दी गरेको हो । प्रेस चैतारी प्रदेश समितिले राजनीतिक आस्थाकै आधारमा आफ्ना नजिककालाई मात्रै सदस्यता दिलाउन सिफारिस गरेको, महासंघ जिल्ला शाखाले अनुगमन र अनुसन्धान गरेर प्रदेशमा सिफारिस गरेका नामावलीमा मनोमानी ढंगले हेरफेर गरेको आरोप नेतृत्वलाई लगाएको छ ।



सदस्यता शुद्धीकरण मापदण्डको १५ बुँदाको पूर्णपालना नभएसम्म तालबन्दी जारी रहने चौतारी प्रदेश कमिटीका कार्यवाहक उपाध्यक्ष राधेश्याम खतिवडाले जानकारी दिए । पत्रकार महासंघ केन्द्रीय समितिले शुक्रबार सार्वजनिक गरेको प्रदेश समितिको प्रस्तावित सदस्यता सिफारिस सूचीप्रति प्रेस चौतारीले विरोध जनाउँदै तालाबन्दी गरेको हो । सदस्यता शुद्धीकरण समितिले प्रदेश समितिबाट प्राप्त सिफारिस भनी प्रकाशित गरेको नामावलीप्रति प्रेस चौतारी नेपाल बागमती प्रदेश कमिटीको गम्भीर ध्यानाकर्षण भएको भन्दै कार्यालयमा तालाबन्दी गरिएको प्रेस चौतारी बागमती प्रदेश कमिटीका महासचिव प्रकाश दाहालले जानकारी दिए ।

प्रेस चौतारी नेपाल केन्द्रीय सदस्य हरि हुमागाईं, बागमती प्रदेश कमिटीका कार्यवाहक अध्यक्ष राधेश्याम खतिवडाको नेतृत्वमा महासंघको कार्यालयमा अनिश्चित कालका लागि तालाबन्दी गरिएको हो । प्रदेशबाट सिफारिस भएको नामावली क्रियाशील पत्रकारलाई सदस्यताबाट वञ्चित गर्ने मनसाय रहेको रहेको भन्दै प्रदेश समितिको यो कार्य सच्याउन माग गरिएको छ । महासंघमा नेतृत्वमा रहनेहरु र पदाधिकारीले आफ्नो संगठन निकट निष्क्रिय पत्रकारको सदस्यता नवीकरण गर्ने र प्रेस चौतारीमा आस्था राख्ने क्रियाशील पत्रकारको सदस्यता नवीकरण नगर्ने गरी विभेदकारी ढंगबाट सदस्यता शुद्धीकरण भन्दै नामावली सिफारिस गरिएको उनले बताए ।

महासंघ प्रदेश समितिले सदस्यताको विषय टुंग्याउनु अघि विभिन्न संगठनसँग बसेर गरेको सहमति लत्याएको चौतारीले जनाएको छ । कार्यवाहक अध्यक्ष खतिवडाले प्रेस चौतारीसँगको सहमतिको प्रयासको प्रपञ्च रचेर आफू अनुकुल निर्णय कार्यान्वयन गराउन महासंघ प्रदेश समितिले सिफारिस गरेको नामावलीप्रति घोर आपत्ति प्रकट गरे । जिल्लाबाट सर्वसम्मत सहमति भई सदस्यता नवीकरण गर्न सिफारिस गरिएका पत्रकारको नामावली काटेर नभएकाहरुको नाम प्रदेश समितिबाट थप्ने कार्य भएको उनले बताए ।

केन्द्रीय समितिबाट जारी भएको मापदण्डलाई बेवास्ता गरेर प्रदेश समितिले मनोगत रुपमा गरेको सिफारिस कार्यान्वयन नगर्न उनले ध्यानाकर्षण गराएका छन् । चौतारीको सदस्य भएकै कारण क्रियाशील पत्रकारलाई नयाँ सदस्यता नदिने र सदस्यता नवीकरण नगर्ने महासंघ प्रदेश समितिका नेतृत्वले राजनीतिक आस्थाका आधारमा सदस्यताका लागि सिफारिस गरेको उनको भनाई छ । महासंघ प्रदेश समितिले खल्तीका व्यक्तिलाई नयाँ सदस्यता पनि दिने, निष्क्रिय पत्रकारहरुको नवीकरण गर्ने कार्यप्रति प्रेस चौतारीलाई स्वीकार्य नहुने उनले बताए ।

# हेटौंडा-१६ शक्तिका ३ हजार जनालाई नि:शुल्क खानेपानी

साझाकुरा संवाददाता

हेटौंडा, २७ असोज/ हेटौंडा उपमहानगरपालिकाले खानेपानीको उपभोग गर्ने नगरवासीका लागि दिएको सुविधाबाट हेटौंडा-१६ शक्तिका बासिन्दा लाभाम्बित भएका छन् ।

१७ बर्ष अघि गठन भएको शक्ति खानेपानी तथा सरसफाई उपभोक्ता समितिबाट बितरण भएको पानीको उपभोग गरेवापत न्यूनतम १ सय रुपैयाँ तिर्दै आएका ३ हजार लाभग्राहीले नि:शुल्क खानेपानीको उपभोग गर्न पाउने भएका हुन् । सनिवार शक्तिखोला खानेपानी तथा सरसफाई उपभोक्ता समिति हेटौंडा खानेपानी बोर्डमा हस्तान्तरण भएसँगै स्थानीयले उपमहानगरले दिँदै आएको खानेपानीको सुविधाबाट लाभाम्बित हुने भएका हुन् । उपभोक्ता समितिबाट प्रयोग भएको पानी उपभोग गरेवापत न्युनतम दश हजार लिटर बराबर एक सय रुपैयाँ तिर्ने गरेका उपभोक्ता उपमहानगरले दिएको सुबिधाबाट लाभाम्वित हुने भएको समितिका सचिब प्रेमप्रसाद पनेरुले बताए ।

शक्तिमा रहेका ६ सय ५७ घरधुरीले ५ सय ५७ धाराबाट खानेपानीको उपभोग गर्दै आएका छन् । समिति बोर्डमा हस्तान्तरण कार्यक्रममा हेटौंडा उपमहानगर पालिका नगरप्रमुख मीनाकुमारी लामाले प्रयोग गर्दै आएको पानी उपभोग गर्न योग्य भए नभएको बुझ्न् जरुरी रहेको बताइन् । उनले उपमहानगरले नगरवासी समक्ष गरेको बाचा पूरा गर्दै गएको भन्दै खानेपानी र स्वास्थ्य बीमासँगै अब बिद्युतमा दिने छुटलाई कार्यान्वयनको चरणमा रहेको बताइन् । नगरको बिकास र समृद्धिका लागि सबैको सहकार्य आवश्यक रहेको भन्दै शुद्ध खानेपानी बितरण गर्ने काममा उपमहानगर प्रतिवद्ध रहेको बताइन् ।

बोर्डले शक्ति खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई लिएसँगै खानेपानीको मुहानलाई सदुपयोग गर्दै नगरको पूर्वीक्षेत्रका बासिन्दालाई शुद्ध खानेपानी दिने कार्यमा थप व्यवस्थापन गर्दै लाग्ने अध्यक्ष प्रताप बिष्टले बताए । उनले भने 'शक्तिमा रहेको खानेपानीको श्रोतको प्रयोग गर्दै हेटौंडा-१८ पुर्केचौरदेखि कमानेसम्मका उपभोक्तालाई पानी खुवाउने लक्ष्य छ ।' बोर्डले उपमहानगर क्षेत्रमा मंहगो शुल्क तिरेर खानेपानीको उपभोग गरेका नगरवासीलाई न्यून शुल्कमा खानेपानी बितरण गर्न १५ उपभोक्ता समिति बोर्डमा लिई सकेको छ ।

उपमहानगर क्षेत्रमा खानेपानीको श्रोत व्यवस्थापन गर्दै खानेपानी बोर्डले चालु आर्थिक बर्ष २०८०/८१ सम्ममा २६ हजार धार बाट उपभोक्ता माझ खानेपानी पुऱ्याउदै आएको जनाएको छ । उपभोक्ता समितिका अध्यक्ष रामबहादुर बिश्वकर्माको अध्यक्षतामा भएको हस्तान्तरण कार्यक्रममा हेटौंडा-१६ का अध्यक्ष रामकृष्ण कोइराला, खानेपानी बोर्डका अध्यक्ष बिष्ट, हेटौंडा-१६ का वडासदस्य राजनप्रसाद दाहाल, संगीता बिश्वकर्मा, बोर्डका सदस्य इन्द्र नेपाल, बोर्डका कार्यकारी निर्देशक बिष्णुप्रसाद सापकोटा लगायतको आतिथ्यता रहेको थियो ।

# ७५ वर्षीय महावीरले पाए दृष्टि

साझाकुरा संवाददाता

हेटौंडा, २७ असोज/ थाहा नगरपालिका-५ फुर्केका ७५ वर्षे महावीर गोलेले ३ वर्षपछि आफ्नो दृष्टि पाएका छन् । राम्ररी हिड्न नसक्ने महावीर दुई जना भतिजको साथमा फुर्केमा आयोजित नि:शुल्क शिविरमा आँखा जाँच गर्न पुगेका थिए ।




उनको जाँचको क्रममा आँखामा मोतिविन्दु देखिएको हेटौंडा सामुदायिक आँखा अस्पतालका प्रमुख डा. सुनील थकालीले बताए । भिजन हिमालय फाण्डेशनको सहयोगमा तिलगंगा सामुदायिक आँखाकेन्द्र पालुङको आयोजनामा भएको नि:शुल्क आँखा शिविरमा शल्यक्रियापश्चात महावीरले दृष्टि पाउन सफल भएको डाक्टर थकालीले बताएका छन् । महावीरको शल्यक्रियापछि थाहा नगरका प्रमुख विष्णुबहादुर विष्टले पट्टि खोलिदिएका थिए । सफल उपाचारपछि खुसीहुँदै महावीरले उपचारबाट दृष्टि पाएकोमा आयोजकलाई धन्यवाद दिए ।

थाहा नगरपालिका अन्तरगतका फुर्के, मोरिया, गोगने, देउखेल, नौखण्डे, टौखेल, बज्रबाराही लगायतका स्थानमा आयोजना गरिएको दुई दिने नि:शुल्क आँखा शिविरमा पाँच सय बिरामीको आँखा जाँच गरी ७३ जनाको मोतिविन्दु भेटिएको र उपचार गरिएको डा. थकालीले जानकारी दिए । कार्यक्रममा बोल्दै थाहानगरका नगरप्रमुख विष्टले ग्रामीण भेगमा आएर नि:शुल्क आँखा शिविर संचालन गरी गुमाएको दृष्टि फर्काउन सफल भएकोमा आयोजक प्रति धन्यवाद दिए । थाहानगरको सहकार्यमा अझै धेरै स्थानमा नि:शुल्क आँखा शिविर संचालन गर्न सहयोग गर्ने मेयर विष्टको भनाई छ ।

# आशिष थापाले जिते हेटौंडा साइकल रनको उपाधि



साझाकुरा संवाददाता

हेटौंडा, २७ असोज/ हेटौंडा उपमहानगरपालिकाले आयोजना गरेको 'हेटौंडा साइकल रन' दोश्रो संस्करण २०८० को उपाधी हेटौंडा-६ का आशिष थापामगरले हात पारेका छन् । हेटौंडामा शनिवार भएको प्रतियोगितामा सहभागीलाई उछिन्दै आशिषले उपाधि हात पारेका हुन् ।

प्रतियोगितामा प्रथम भएका आशिषले नगद ५० हजार रुपैयाँ हात पारे । प्रतियोगितामा हेटौंडा-६ का हरेराम राई द्वितीय, हेटौंडा-२ का विबैसिं मोक्तान तृतीय हुँदा हेटौंडा-४ का राजीव ठाकुर र प्रदीप थापाले प्रोत्साहन पुरस्कार हात परेका थिए ।

साइकल रनमा द्वितीय भएका राईले ३० हजार पाउँदा तृतीय भएका मोक्तानले २० हजार रुपैयाँ पुरस्कार हात पारेका थिए । प्रतियोगितामा सहभागी भएका ठाकुर र थापाले प्रोत्साहन पुरस्कार स्वरुप ५/५ हजार रुपैयाँ हात पारेका छन् ।

प्रतियोगितामा सहभागी भएका महिलाहरुलाई प्रोत्साहन स्वरुप २/२ हजार रुपैयाँ पुरस्कार दिइएको थियो । हेटौंडा-४ हुप्रचौरबाट सुरु भएको साइकल रन कान्तिलोकपथ हुँदै शिवम सिमेन्ट रोड, हेटौंडा-फापरवारी सडक हुँदै नागश्वती, कमाने, गर्दोही हुँदै हुप्रचौरमा आइपुगेको थियो । प्रतियोगिताको जिल्ला समन्वय समितिका प्रमुख ललित घलान र हेटौंडा उपमहानगरपलिकाका नगरप्रमुख मीनाकुमारी लामाले संयुक्त रुपमा उद्घाटन गरेका थिए ।

प्रतियोगिताको उद्घाटन गर्दै समन्वय समितिका प्रमुख घलानले स्वास्थ्यका लागि साइकल यात्रा उपयोगी रहेकाले दैनिक जीवनमा बिलासिताका साधन छोडेर साइकलयात्रामा जोड दिन जरुरी रहेको बताए । उनले उपमहानगरले थालेको अभियानलाई सार्थक बनाउँन नगरवासीको सहयोग आवश्यक रहेको भन्दै नियमित साइकलयात्राले मानवजीवनमा फाइदा पुग्ने बताए ।

नगरप्रमुख लामाको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-१ का अध्यक्ष सविन न्यौपाने, हेटौंडा-१४ का वडा अध्यक्ष दीपक खड्का, नगर खेलकुद विकास समितिमा पूर्वअध्यक्ष चन्द्र शाहीको आतिथ्यता रहेको थियो । उपमहानगरपालिकाले गत वर्षबाट प्रतियोगिताको थालनि गरेको हो । उपमहानगरले नगरवासीलाई साइकलको प्रयोगमा प्रोत्साहन गर्ने उद्देश्य अनुसार हरेक वर्ष प्रतियोगिता सञ्चालन गर्दै आएको छ ।

# जेसीआई फुटबल: प्रहरी र सिमपानी सेमिफाइनलमा

साझाकुरा संवाददाता

हेटौंडा, २७ असोज/ जेसीआई चैनपुर प्रस्तावितको आयोजनामा मनहरी गाउँपालिका-३ हाँडीखोला लामिटारमा सञ्चालन भैरहेको जेसीज कप खुला फुटबल प्रतियोगितामा बागमती प्रदेश प्रहरीगण र सिमपानी एफसी सेमिफाइनल प्रवेश गरेका छन् ।




शनिबार भएको पहिलो क्वार्टरफाइनल खेलमा प्रहरीले हाँडीखोला यूथ क्लवलाई ३-१ गोलले हराउँदै सेमिफाइनलमा स्थान पक्का गरेको हो । प्रहरीको तर्फबाट देव सुनारले २ तथा दीपक घलेले एक गोल गरेका हुन् । खेलमा प्रहरीले नै सुरुवाती अग्रता लिएको थियो । हाँडीखोलाको तर्फबाट अभिनाश राईले एक गोल गरेका थिए । हाँडीखोलाले पेनाल्टी समेत सदुपयोग गर्न सकेन । बिनय तामाङको पेनाल्टी प्रहारलाई प्रहरीका गोलरक्षक मनोज पुनले बचाएका थिए । खेलमा प्रदेश प्रहरीगणका विशाल थिङ म्यान अफ दी म्याच भए ।

दोस्रो खेलमा एफसी परेली बस्तिपुरलाई टाइब्रेकरमा हराउँदै सिमपानी एफसीले सेमिफाइनलमा स्थान बनाएको छ । सुरुवाती अग्रता जोगाउन नसक्दा परेली खेलबाट बाहिरिएको हो । निर्धारित समय एक/एक गोलको बराबरी भएपछि टाइब्रेकरमार्फत निर्णय लिइएको हो । टाइब्रेकरमा सिमपानी ४-३ गोलले विजयी भएको हो । खेलमा बस्तिपुरको तर्फबाट आशिष लामा र सिमपानीको तर्फबाट मनिष पौडेलले गोल गरेका थिए । टाइब्रेकरमा बस्तिपुरको एउटा प्रहार बाहिरिएको थियो भने एउटा प्रहार बारमा लागेर फर्किएको थियो । खेलको म्यान अफ द म्याच परेलीका सुशान्त थिङ भए ।

कार्तिक १ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको बिजेताले ५० हजार ५ सय ५५ रुपैयाँ र उपविजेताले २५ हजार ५ सय २५ रुपैयाँ प्राप्त गर्नेछ । प्रतियोगिताको विधागत उत्कृष्ट खेलाडीलाई नगद र ट्रफीको व्यवस्था गरिएको छ । प्रतियोगितामा आइतबार आयोजक जेसीआई चैनपुरले केदारेश्वर युवा क्लव रजैयासँग र हाँडीखोला एफसीले सयपत्री क्लव सुनाचुरीसँग खेल्नेछ । दशैं, तिहारलगायत पर्वको अवसरमा शुभकामना आदानप्रदान गर्ने र खेलाडीहरुको बीचमा भातृत्वको सम्बन्ध स्थापनासँगै फुटबल खेलको विकास गर्ने उद्धेश्यले प्रतियोगिता आयोजना गरिएको प्रतियोगिता संयोजक प्रमोद अधिकारीले जानकारी दिए ।

# उत्पादनमा जोडिए आर्थिक उन्नति हुन्छ: मन्त्री मोक्तान

साझाकुरा संवाददाता

हेटौंडा, २७ असोज/ बागमती प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानले उत्पादनमा जोडिए सहकारीका सदस्यहरुको आर्थिक उन्नति हुने बताएकी छन् ।

शनिबार भीमफेदी गाउँपालिका-२ मा रहेको भैंसे एकीकृत कृषि सहकारी संस्थाको १२ औं बार्षिक साधारण सभाको उद्घाटन गर्दे मन्त्री मोक्तानले सहकारी संस्थाहरुले आफ्नो उद्देश्य अनुसार कार्य गर्न आग्रह गरेकी छन् । सहकारीका सदस्यहरुले ईमान्दारीताका साथ कारोबार गरे संस्थाको प्रगति छिटो हुने समेत मन्त्री मोक्तानको भनाई छ । सहकारीका अध्यक्ष अप्सरा लोप्चनको अध्यक्षतामा भएको साधारणसभाले संस्थाको आगामी नीति तथा कार्यक्रमका साथै प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदनहरु पारित गरेको छ ।

साधारणसभाको अवसरमा संस्थाका संस्थापक अध्यक्ष धावा थोकर, जेष्ठ सदस्य साईलीमाया तितुङलाई सम्मनित गरिएको थियो । साधारणसभामा भीमफेदी गाउँपालिका-२ का अध्यक्ष काशीराम बज्यु, वडा नम्बर १ का अध्यक्ष सोमबहादुर स्याङ्तान, जिल्ला सहकारी संघका प्रतिनिधि राजकुमार केसी, कालिका दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष रामेश्वर राना, राप्ती युवा क्लब भैंसेका अध्यक्ष गोपीकृष्ण थापालगायतको आतिथ्यता रहेको थियो । भीमफेदी गाउँपालिका वडा नम्बर १ र २ कार्यक्षेत्र रहेको सहकारीको गत आर्थिक वर्षमा ९१ लाख ४७ हजार ८ सय ८६ रुपैयाँ बराबरको कारोबार भएको ब्यवस्थापक सूर्यबहादुर घलानले जानकारी दिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सहकारीमा सहकार्य

हेटौंडा नगरभित्रका २५३ सहकारी संस्थाले वार्षिक साधारणसभा गरिरहेका छन् । किसानलाई मंसिरमासमा धान भित्राउने चटारो जस्तै सहकारी संस्थालाई साधारणसभाको चटारो परेको छ । सामान्यतया आर्थिकवर्ष समाप्त भएको तीन महिनाभित्र साधारणसभा गर्नुपर्छ । सहकारी संस्थाको साधारणसभाको समाचार उत्पादनमूलक कार्यमा जोडिएर आउन सकेको छैन । यसको मतलव सहकारीले उत्पादनमूलक काम गरेका छैनन् भन्ने हो । सहकारी संस्थाले नियमित बचत गर्ने र ऋण प्रवाह गर्ने काम मात्रै गरिरहेका छन् । बैंक तथा बित्तीय संस्थाले गर्ने काम भन्दा फरक धारमा कार्यक्रम संचालन हुन सकेको देखिएको छैन । नेपालमा कुनै पनि सम्भावना छैन भन्ने मानसिकता बोकेका युवालाई यहीँ धेरै सम्भावना छ भन्ने देखाउन सहकारी संस्थाले साना तथा घरेलु प्रकृतिका उद्योग स्थापना गरेको समाचार आउनु पर्ने थियो । तर, त्यसो हुन सकेको छैन । हामीले उपयोग गर्ने दैनिक उपभोग्य बस्तु सहकारीमार्फत् उत्पादन हुनु जरुरी थियो । सहकारीको जुन उद्देश्य थियो त्यो भन्दा केही फरक धारमा सहकारी संस्थाका गतिबिधि संचालन भएका छन् ।

सहकारी संस्थामा आबद्ध भएका बचतकर्ताले उत्पादन गरेको बस्तु तथा सेवा पहिला सहकारीकै सदस्यले उपभोग गर्ने नीति बन्नु पर्छ । सहकारीका सदस्यले उपभोग गरेर बचेको अवस्थामा बजारमा बिक्रीमा आउनु पर्छ । उदाहरणका लागि सहकारीमा आबद्ध भएका ५ जना सेयर सदस्य मिलेर मस्यौरा उत्पादन सुरु गर्ने हो भने त्यो मस्यौराको पहिलो तहका उपभोक्ता सहकारीका सदस्य नै हुनेछन् । सहकारीमा सहकार्य गर्ने प्रबृत्तिको विकास गरौं र सहकारीको रकमलाई उत्पादनसँग जोडौं । हेटौंडा नगरका २५३ वटा सहकारी संस्थाले हरेक वर्ष १० वटा मात्र उत्पादनमूलक उद्योग स्थापना गर्दै जाने हो भने हाम्रो ब्यापार घाटा न्यून गर्न पनि सहयोग पुग्छ । कुनै सहकारी संस्थाले स्वेटर उत्पादन गर्ने हो भने त्यो स्वेटर हेटौंडाका सबै सहकारी संस्थामार्फत् बजारीकरण गर्न सकिने भयो । अहिले हरेक घरमा कम्तिमा २ जना र बढीमा सबै सदस्य कुनै न कुनै सहकारीका सदस्य छन् । कतिपय ब्यक्ति त ५ वटा भन्दा बढी सहकारीका सदस्य बनेका छन् । सहकारी संस्थाले पनि १०/२० जनाको समूह बनाएर भारतीय मुलुकमा रहेका साना तथा घरेलु प्रकृतिका उद्योग अवलोकन गर्ने, त्यो प्रबिधि भित्राउने र उत्पादनको काम थाल्ने हो भने सहकारीमा बचत गरेको रकमले प्रतिफल पनि दिन्छ । तर, हाम्रा सहकारी संस्थाका सदस्यहरु अवलोकन भ्रमण भनेर ईलामको चियाबगानको सेल्फी खिच्ने उद्देश्य भन्दा बाहेक केही देखिंदैन । यसले सहकारीको सदस्यहरुको उन्नति सम्भव छैन । दैनिक आवश्यकता पूरा गर्नका लागि सहकारीबाट ऋण लिएर खर्च गर्ने अधिकतम ऋणी भटिन्छन् । यसले सहकारी संस्थाको ब्याज आम्दानी बढाइदिने मात्र हो । सदस्यको उन्नति वा प्रगति हुने सम्भावना छैन ।

त्यसैले सहकारीहरुले अवलोकन भ्रमण लैजाँदा सके सार्क मुलुक नभए भारतीय मुलुकमा रहेका साना लगानीमा गर्न सकिने उद्यम हेर्नका लागि लैजाने अभ्यास थालनी गरौं । त्यति गर्न सकिन्न भने नेपालको तराईमा उत्पादन हुने बस्तु पहाडी क्षेत्र वा हिमाली क्षेत्रमा पुऱ्याउने र हिमाली क्षेत्रमा उत्पादन हुने बस्तु तर इमा पुऱ्याउने माध्यम खोजी गरौं । अर्काको देशमा उत्पादन भएको बस्तुले हाम्रो भान्सा चलिरहेको छ । हामी आफैंले उत्पादन गर्न सक्ने बस्तु पनि आयात गर्नुपर्ने अवस्था छ । त्यसलाई रोक्नका लागि सहकारीको थोरैथोरै रकमको अधिकतम् उपयोग गर्ने हो भने हाम्रो युवापुस्ताले नेपालमा केही सम्भावना छैन भनेर खाडी मुलुकमा रोजगारी खोज्दै जानुपर्ने बाध्यताको अन्त्य हुनेछ । अहिले १२ पास गर्ने बित्तिकै राहदानी बनाउन लाइन बस्नेको भिड उत्पादन गर्ने विद्यालयले पनि अध्ययनलाई उत्पादनसँग जोड्नु पर्छ । सरकारले पाठ्यक्रमको विकास पनि त्यही रुपमा गर्नु जरुरी छ । १० कक्षा पास गरेको विद्यार्थी खेतबारीमा टेक्न मन गर्दैन । उसलाई सुकिलोमुकिलो भएर हिड्ने चाहना मात्र हुन्छ । आफ्नो पुर्खाले गरेको खेतीपातीमा पटक्कै ध्यान नदिने जनशक्ति उत्पादन गर्ने शिक्षा प्रणाली पनि परिबर्तन गर्नु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असोज २९ गते सोमबार १६ अक्टोबर २०२३ । द्वितीया आश्विन कृष्णपक्ष । कौलाथ्व ११४३ ने.सं. । सूर्योदय ६:०५, सूर्यास्त ५:३३ । विश्व खाद्य दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : लगानीको अवसर जुट्नेछ | तुला | : आम्दानी बढ्नेछ |
| वृष | : यात्रा अघि बढ्न सक्नेछ | वृश्चिक | : पितृधन लाभ हुनेछ |
| मिथुन | : वैदेशिक क्षेत्रबाट लाभ पाइनेछ | धनु | : नयाँ ज्ञान प्राप्त हुनेछ |
| कर्कट | : छिमेकमा असमझदारी बढ्नेछ | मकर | : कृषिमा हानि हुनेछ |
| सिंह | : प्रतिस्पर्धाबाट फाइदा मिल्नेछ | कुम्भ | : व्यापारमा फाइदा मिल्नेछ |
| कन्या | : समय उत्साहवर्द्धक छ | मीन | : इनाम हात पर्नेछ |

# वैकल्पिक राजनीति राग कि विराग ?



✍ सञ्जीव कार्की

वैकल्पिकको अर्थ पहिले छानिएको व्यक्ति, वस्तु आदि नपाइएमा सो ठाउँमा प्रयोग गर्न सकिने समकक्षस्तरको अर्को उम्मेदवार, सदस्य व्यक्ति वस्तु अर्थात् विकल्पमा आउने भनेर नेपाली शब्दकोशमा परिभाषित गरिएको छ । यो परि भाषा अनुसार अर्थ लगाउने हो भने आज नेपालमा जति पनि नयाँ दल क्रियाशील छन् ती सबै पुराना राजनीतिक दलको शोधभर्ना र नयाँ दलका नयाँ अनुहार मात्रै हुन । रूप, स्वर र काया मात्र फरक हुनु आजको राजनीतिको विकल्प होइन ।

आजको राजनीतिले नयाँ दृष्टिकोण, नयाँ दृष्टिबोध र नयाँ शैलीको विकल्पहरूमा सर्वोत्तम विकल्पको माग गरेको देखिन्छ । यताको अनुहार उता, उताको अनुहार यता र ठिटोको ठाउँमा बुढो, एकको बदला अर्को किमार्थ होइन। २०४६ सालमा नेपालमा प्रजातन्त्र आएपछिका वैकल्पिक राजनीति सम्बद्ध दल र तिनका केही प्रतिनिधि उदाहरणबारे विमर्श गरौं ।

**वैकल्पिक दलको उदय**

२०५२ सालबाट सुरू भएको माओवादी युद्धले शासकीय स्वरूप नै बदल्न चाहने वैकल्पिक शक्ति बन्ने प्रयास गरेको थियो । राजनीतिक प्रणाली नै परिवर्तन गरेर शासन गर्ने माओवादी उद्देश्यले साकार रूप लिएर ३०६५ जेठमा गणतन्त्र स्थापना भएर माओवादी सबैभन्दा ठूलो शक्ति बनेर शासन गर्न आए पनि उसले प्रणाली फेऱ्यो तर शासकीय शैली र चिन्तन परम्परा फेर्न सकेन । फलस्वरूप आज आफैंले परिकल्पना गरेको र आफ्ना हजारौं कार्यकर्ता बलिदान गरेर आएको व्यवस्थामा ऊ सबैभन्दा बदनाम छ र शक्ति क्षीण भएर क्रमश: नैतिक राजनीतिक साख गिराइरहेछ ।

तत्कालीन परिस्थितिमा माओवादी कांग्रेस, एमाले र राप्रपा जस्ता पार्टीको सर्वोत्तम विकल्प थियो । जसलाई २०६४ को संविधानसभा सदस्यको चुनावमा जनताले अनुमोदन समेत गरेका थिए । त्यो हामीले अवलम्बन गरेको चुनाव प्रणाली अन्तर्गत बहुमतको स्थिति नभए पनि चानचुने शक्ति र सामर्थ्य थिएन । वैकल्पिक राजनीतिको दुर्भाग्य या नेपाली जनताको दुर्भाग्य माओवादीले सत्ता चलाउन जानेन या सकेन । ऊ चुक्यो ।

उसले आफ्नो विगतको निष्ठा र प्रतिबद्धता भुल्यो र संसदीय राजनीतिको दलदलमा फस्यो माओवादीले चुनाव मात्रै हारेन दलीय प्रतिस्पर्धामा एक दुई चुनाव हार्नु सामान्य हो तर राजनीति नै हार्नु चैं सत्तामा भए पनि त्यो गम्भीर विषय हो । त्यत्रो त्याग र बलिदान गरेर युद्ध लडेर आएको पार्टीले बाटो बिरायो अनेकौं टुक्रामा खण्डित भयो । दश वर्षभित्र दक्षिणएशियाको सबैभन्दा राम्रो देश बनाउने प्रचण्ड सपनाको बन्ध्याकरण हुनपुग्यो ।

**नेपाल सद्भावना पार्टी**

स्वर्गीय गजेन्द्रनारायण सिंहले मधेशमा वैकल्पिक शक्तिको रूपमा कांग्रेस, कम्युनिष्ट र राप्रपाको विकल्प जतिबेला आज जस्तो वैकल्पिक शक्तिको भाष्य चर्चामा थिएन तर मधेशलाई माया गर्ने र मधेशी जनताको मुक्ति, मर्यादा र अधिकारको लागि भनेर २०४७ वैशाख ३ गते नेपाल सद्भावना पार्टीको स्थापना गर्नु भएको थियो ।

उहाँ २०४८ र २०५१ मा संसद सदस्य समेत निर्वाचित हुनुभएको थियो मधेशको पहिलो वैकल्पिक दल भए पनि नेपाल सद्भावना पार्टी गजेन्द्रनारायण सिंहको देहावसानसँगै विलाएर गयो । आज मधेशमा खासै अस्तित्वमा छैन ।

**मधेशी जनअधिकार फोरम**

मधेशी जनअधिकार फोरमको जन्म गैरसरकारी संस्थाको रूपमा २०५४ सालमा उपेन्द्र यादवको नेतृत्वमा खुलेको थियो । फोरमको २०६० सालमा विराटनगरमा भएको पहिलो महाधिवेशनले नेपालमा राजतन्त्रको विरोधमा आन्दोलन गर्ने निर्णय गऱ्यो । २०६२ साल चैतमा सुरु भएको आन्दोलनको सफलतापछि २०६३ साल माघ २ गते मधेश आन्दोलनको सुरूवात गऱ्यो ।

आन्दोलनले उठाएका ८ वटा मागमध्ये मधेश स्वायत्त राज्यको माग सहित सरकारसँग २०६४ साल फागुन १६ गते ८ बुँदे सहमति भयो । मधेश आन्दोलनको मुख्य उपलब्धि भनेकै अन्तरिम संविधानमा सैंघीयता भन्ने शब्दले प्रवेश पाउनु हो । २०६४ सालको संविधानसभा चुनावअघि फोरम एउटा राजनीतिक दलका रूपमा निर्वाचन आयोग, नेपालमा दर्ता भयो र ५२ सिट जितेर संविधानसभाको चौथो ठूलो दल बन्यो। तर यसले मधेशकै र देशकै वैकल्पिक शक्ति बन्ने आफ्नो सामर्थ्य धेरै समय टिकाउन सकेन, कैयौं टुक्रामा विभक्त भयो ।

**जनमत पार्टी**

डा. चन्द्रकान्त राउतको नेतृत्वमा २०७५ चैत ४ गते स्थापना भएको जनमत पार्टीको प्रारम्भिक उद्देश्य पृथकतावादसँग सम्बद्ध थियो । यसले मधेशलाई अलग्याएर छुट्टै मधेश बनाउने अवधारणा सार्वजनिक गरेर राजनीतिक गतिविधि गरिरहेको थियो । देश छुट्याउने आरोपमा यस पार्टीका अध्यक्ष बारम्बार पक्राउ पर्ने, थुनिने क्रम चल्दाचल्दै २०७५ फागुन २४ गते तत्कालीन केपी ओलीको सरकारसँग ११ बुँदे सम्झौता गऱ्यो । जनमत पार्टी मूलधारको राजनीतिमा छ ।

गत स्थानीय चुनाव २०७९ लडेको जनमतले दुई ठाउँ स्थानीय निकायमा चुनाव जितेको थियो भने सैंघीय संसद र प्रदेशसभाको चुनावमा पनि भाग लिएर हाल मधेश प्रदेशमा र केन्द्र सरकारमा पनि आफ्नो सहभागिता जनाएको छ । पछिल्लो पटक मधेश र देशकै वैकल्पिक शक्ति निर्माण गर्न सक्ने दलको रूपमा जनमत पार्टी र यसका अध्यक्षलाई मधेश र देशकै राइजिंग स्टारको रूपमा हेरिएको छ। पहिलो पटकको चुनावी सहभागितामै राष्ट्रिय दल बन्न सक्षम जनमत पार्टी मधेशमा सबैभन्दा लोकप्रिय पार्टीको रूपमा दर्ज भएको छ ।

**विवेकशील नेपाली दलको उदय (साझा पार्टी सहित)**

दोस्रो संविधानसभा २०७० को चुनावमा ४ युवाहरू (उज्ज्वल थापा, गोविन्दनारायण, पुकार बम सन्तोष प्रधान) 'कुकुर' चुनाव चिह्न लिएर काठमाडौंका विभिन्न क्षेत्रबाट संसद्को चुनाव लडे र विवेकशील दल सतहमा आयो । २०७२ को भूकम्प, डाक्टर गोविन्द केसीको सत्याग्रहमा विवेकशील दलले सुसंस्कृत राजनीति भन्दै केही नवीन राजनीतिक संस्कार दियो र निर्विकल्प ठानिएको विरोधको स्वरूप बन्दको बारे जमेर विरोध गऱ्यो र नेपाल खुला रहेको र रहनुपर्ने भन्दै बन्दको गलत भाष्यलाई पुनर्विचार गर्न अन्य पोलिटिकल पार्टीलाई बाध्य बनायो ।

जिम्मेवार नागरिक, उद्यमशील समाज, सेवक सरकार र हितकारी राज्यको अवधारणा प्रस्तुत गर्दै नागरिक स्वयं पनि जिम्मेवार हुनुपर्ने र शासक सरकार सेवक हुनुपर्छ भन्ने नेपाली राजनीतिमा नसुनिएको कर्णप्रिय विचार प्रस्तुत गऱ्यो रन्जु दर्शनालाई २१ वर्षको उमेरमा नै काठमाडौंको मेयरमा प्रतिस्पर्धा गराएर राजनीतिमा युवा हस्तक्षेप आकर्षणको आरम्भ गऱ्यो र काठमाडौंमा राजनीतिक मूल्य र भूमिका पाउने गरी मत प्राप्त गऱ्यो ।

पुराना ठूला पार्टीहरूको वर्चस्व र विकल्प कसैले नसोचेको बेला उज्ज्वल थापाले विवेकशील दल गठन गरेर नयाँ दलको वैकल्पिक भाष्य निर्माण गर्न सहयोग गरे । भलै यो पार्टीले राजनीतिमा सन्देश दियो तर आफैं भने छिन्नभिन्न भयो । विवेकशील साझा पार्टीका उपाध्यक्ष मिलन पाण्डेले भने झैं 'विवेकशील दलको सामर्थ्य र कमजोरी दुवै युवा हुनु थियो ।

कमजोरीले दल भग्न भए पनि युवा सामर्थ्यको प्रेरणा आजका नयाँ-नयाँ विकल्प बोकेर उदाएका पार्टी, काठमाडौंको मेयर जित्न बालेनलाई राजनीतिक ग्राउण्ड र देशभर केही नयाँ र स्वतन्त्र उमेदवारलाई गत स्थानीय चुनावमा जित निकाल्न र नयाँ दलको रूपमा रास्वपा, जनमत पार्टी, जनमुक्ति पार्टी आदिलाई आजको अस्तित्वमा ल्याउन यो दलको परोक्ष हात छ भन्दा अतियुक्ति नहोला । सरकारको विरोध र खबरदारी गर्ने अनेकन् रचनात्मक र सिर्जनात्मक अभ्यासको थालनी गऱ्यो । ध्वंसमा हैन सिर्जनामा विरोधको संस्कृति बसायो ।

पद्धति, पारदर्शिता, इमानदारी र उत्कृष्टताको अवधारणा सहित वैकल्पिक राजनीतिको नयाँ भाष्य कोर्न रवीन्द्र मिश्रको अध्यक्षतामा २०७३ मा गठन भएको साझा पार्टीले २०७४ को स्थानीय चुनावमा काठमाडौं महानगर पालिकामा १८ हजार मत प्राप्त गऱ्यो ।

विवेकशील नेपाली र साझा २०७४ मा एकीकरणमा गए र २०७४ को संसदीय निर्वाचनमा तीन जना प्रदेश सांसद प्रतिनिधित्व गराउन सफल भयो भने संघीय चुनावमा रवीन्द्र मिश्र, सूर्यराज आचार्य र उज्ज्वल थापाले राम्रो मत पाए भने देशभर २ लाख १२ हजार मत विवेकशील साझाको तराजु छापमा पऱ्यो वैकल्पिक राजनीतिको बलियो खम्बाको कल्पना गरिएको पार्टी एकीकरण फुट र पुन: एकीकरण फेरि फुट हुँदै आज अस्तित्व रक्षाको चरम संकटमा गुज्रिरहेको छ ।

**नयाँ शक्ति पार्टी**

नेकपा माओवादीसँग रुष्ट रहेका बाबुराम भट्टराईले २०७३ जेठ ३० मा निकै तामझामका साथ पुराना दल र तिनको विचारले बदलिंदो नेपालको नेतृत्व गर्न सक्दैन भन्दै नयाँ परिस्थितिमा नयाँ नेतृत्व भन्ने नारा बोकेर नयाँ वैकल्पिक शक्तिको उद्घोष गरे । मार्क्सवाद, लेनिनवाद असान्दर्भिक भन्दै केवल मार्क्सको द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादलाई टेकेर नयाँ सिद्धान्त निर्माणको प्रचार गरी मार्क्सवाद राज्य सत्ता फ्याँक्न सफल भएको तर चलाउन असफल रहेको निष्कर्ष निकाल्दै कम्युनिष्ट सिद्धान्त परित्यागको घोषणा गरे ।

वृद्ध, प्रौढ र युवा समेटिएको 'थ्री इन वान' को अवधारणा र विपरित वर्गको सहभागिता र एकत्वको मान्यता सहितको नयाँ ढाँचाको पार्टी संरचना निर्माणको बयान गरे तर यो पार्टी वैकल्पिक नयाँ शक्तिको कल्पनाको लड्डु खाएर असमयमा दुर्घटित भयो । बारम्बार चिप्लियो । फरक धारको नारा भुत्ते पारेर बाबुराम पार्टीरुपी अनेक चौतारा र विश्रामस्थलमा विचरण गर्दै सेना विनाको सेनापतिको स्थितिमा छन् । नयाँ विकल्प बन्ने उनको योजनाले उडान भर्न सकेन ।

**नागरिक उन्मुक्ति पार्टी**

पूर्व सांसद रेशम चौधरीको अभिभावकत्व र रन्जिता श्रेष्ठको अध्यक्षतामा २०७८ पुस १९ गते गठन भएको यो पार्टीले स्थानीय चुनावमा दुई गाउँपालिका र दुई नगरपालिकामा जित हासिल गरेको थियो भने संघीय संसदमा पनि ६ सिट जितेर हाल सैंघीय सरकारमा सहभागी र प्रदेश सभामा सरकारमा सहभागी बनेको छ । थरुहट प्रदेशको मुद्दा बोकेर उदाएको यो पार्टी पनि वैकल्पिक पार्टी बन्ने ध्याउन्नमा छ । जन्मकैद मुद्दामा राष्ट्रपतिबाट गत जेठ १५ गते गणतन्त्र दिवसको दिन आम माफी पाएर छुटेका रेशम चौधरी हाल देश दौडाहामा छन् ।

**रास्वपा**

सञ्चारकर्मी रवि लामिछानेको नेतृत्वमा २०७९ असार ७ गते जन्मिएको यो पार्टीले आफ्नो स्थापनाको ६ महिना नपुग्दै संघीय संसदमा प्रत्यक्षतर्फ ७ सिट र समानुपातिकतर्फ १३ सिट प्राप्त गर्दै संसदमा राष्ट्रिय मान्यता प्राप्त चौथो ठूलो दलको रूपमा उदाएर चामत्कारिक परिणाम दियो । पुरानालाई नो नट अगेन भनेर उदाएको रास्वपा आजको राजनीतिमा आजका दिनसम्म विकल्पमा सबैभन्दा बलियो शक्तिशाली र भविष्य भएको पार्टी मानिन्छ ।

रास्वपा मिसन ८४ लिएर कुदेको छ । आगामी चुनाव जितेर पूर्ण बहुमतको सरकार निर्माण गरी देशको कायापलट गर्ने सपना बाँडेर रवि लामिछाने देश दौडाहामा छन् । आम मान्छेको आकर्षण पनि देखिएको छ । तर यसको उद्देश्य सत्ता केन्द्रित जसरी पनि आगामी निर्वाचन जित्ने मनसुवा देख्दा राजनीतिक मूल्यमान्यता, सिद्धान्त र पद्धतिको नवीन भाष्यमा चोट पर्ने सम्भावना ज्यादा छ । चुनाव केन्द्रित मात्र बन्दा पार्टीमा मान्छे भित्र्याउने र भोट कब्जा गर्ने होड चल्छ सोही अभ्यास र अभियानमा रास्वपा देखिन थालेको छ ।

मास पोलिटिक्सलाई चुस्तदुरुस्त संगठनमा बदल्न सकिएन भने त्यहाँ उत्पन्न हुने परिस्थिति कल्पनातीत हुनपुग्छ । रास्वपाले भीड जम्मा गरेको छ तर आजपर्यन्त त्यसको सांगठनिक व्यवस्थापनमा खासै रुचि देखाएको छैन । खराब नै भए पनि अन्य दलसँग विभिन्न जनवर्गीय सङ्गठनहरू छन् र पार्टी सङ्गठन केही व्यवस्थित छ तर रास्वपाले अन्य जनवर्गीय सङ्गठन र शुभेच्छुक संस्था नबनाउने नीति अख्तियार नगरेको कारण कार्यकर्ता व्यवस्थापन यसका लागि चुनौतीको विषय बन्छ ।

पार्टी कमिटीमा मात्र सब आवद्ध हुनसक्ने स्थिति बन्दैन त्यसो हुँदा नेताको व्यक्तित्व र वैकल्पिक राजनीतिको आकर्षणमा मात्रै मान्छे सङ्गठित भैरहन सक्तैनन् । सङ्गठन र नीति अनि व्यक्ति र अवसरको आकर्षण नितान्त फरक कुरा हुन् ।

**निष्कर्ष**

नेपाली जनताले पटक-पटक वैकल्पिक राजनीति गर्नेको लागि आफ्नो विश्वास प्रकट गरेका छन् तर वैकल्पिक राजनीति गर्नेले पुरानोको प्रतिस्थापन नयाँ मात्र गरे शिल-स्वभाव, पद्धति र विधिमा नयाँपन र शुद्धताको कुरामा निरन्तर चुके ।

पारदर्शी, समावेशी, सामाजिक न्याय, जातीय र लैङ्गिक अनि वर्ण भेद रहित समाज र समानताको लागि काम गर्न सकिरहेका छैनन् । रास्वपा, जनमत र नाउपा जस्ता पार्टीले विगतका वैकल्पिक पार्टीका अँध्यारा पक्षबाट सिक्ने र पुरानाले अवलम्बन गरेको सही तरिकालाई अवलम्बन गर्दै देशको भविष्यको नयाँ मार्ग कोर्न सके आगत उज्यालो नै देखिन्छ ।

राजनीतिको नयाँ भाष्य सिर्जना गर्दै चलिरहेको वैकल्पिक राजनीतिको बहस राजनीतिक थेसिस विरुद्ध एन्टी-थेसिस हो । केन्द्रीकृत संरचनाको विरुद्ध विकेन्द्रित संरचना हो । केन्द्र भञ्जन गरेर नवकेन्द्रको स्थापना हो । परम्परगत शैली, सोच र संरचनाको विपरित आधुनिक प्रगतिशील र सामयिक विचारधाराको पुनर्गठन हो । पुरानालाई जस्ताको त्यस्तै विस्थापन गरेर सो ठाउँमा अर्को नयाँ आउनु विकल्प हो भने वैकल्पिक दृष्टिकोण, भाष्य र संरचना सहित नयाँ र गतिशील नेतृत्व सर्वोत्तम विकल्प हो केवल नयाँ अनुहार स्वर र उमेरको उदय मात्र विकल्प हो, दमदार विकल्प होइन । वैकल्पिक राजनीतिमा अनुराग र विराग दुवै देखिएको छ । आशा-आकर्षण र निराशा-विकर्षण उत्तिकै प्रस्फुटन भएको पाइन्छ । वैकल्पिक राजनीति राग कि विराग ? आजसम्म कुनै पनि वैकल्पिक राजनीति र दलले नेपाली समाजमा व्याप्त असमानता, अमर्यादा, भ्रष्टाचार र जातीय र लैङ्गिक विभेदको मुद्दा मूल रूपमा सम्बोधन गर्न सकेन छिपछिपे सम्बोधन र टालटुले नीति मात्रै प्रस्तुत गरेका छन् ।

*(साभार: अनलाइनखबर)*

# उमेर बढ्दै जाँदा देखिने छालाको समस्या र उपचार



✍ डा प्रमेश कोइराला

उमेर बढ्दै जाँदा शरीरमा रुपमा चाउरीपन (रिंकल) देखिन थाल्छ । रिंकल मात्र होइन, उमेर बढ्दै जाँदा छालामा अन्य समस्या आउन सक्छन् । विभिन्न अन्य समस्याहरू पनि आउन थाल्छन् । कालो उठेको दागहरु पनि आउँछन् । जसलाई एज स्पट पनि भनिन्छ । उमेर बढ्दै जाँदा छाला पातलो हुँदै जाने, छाला झोलिएर जाने, नाकको छेउछेउको छाला (नासोलाविल फ्लडस) डिप भएर जाने, गाला लत्रिएर जाने, गालाको तलपट्टि छाला घाँटीभन्दा माथिको भाग (सबमेन्टल फ्याट प्याड) पनि जमेर जाने सम्भावना हुन्छ ।

छालाको रङमा आउने परिवर्तनहरु अर्थात् पिग्मेन्टेसन पनि देखिन सक्छ । चाया पोतो (मेलाज्म)को समस्या पनि देखिन सक्छ । महिलाहरुमा मेनोपोजपछि छाला पातलो हुँदै जाने, छाला रातो भइहाल्ने हुन्छ । यसरी एजिङसँगै देखिने समस्याहरू वंशाणुगन रूपमा पनि देखिन्छ । फोटोएजिङ (घामले गर्दा आउने समस्या) मेलाज्मा मात्र नभएर अन्य अन्य माथि भनिएका समस्याहरूलाई अझ चाँडो बढाउन सक्छ । साथै धूमपान र मद्यपान, धेरै गुलियो खानेकुराले पनि एजिङलाई बढाउँछ । यसको एउटा रोकथाम भनेको घामबाट जोगिने हो । यसका लागि सन्सक्रिम लगाउनुपर्छ । नेपाली स्किनको लागि कम्तीमा पनि ३०-५० एसपिएफ पिए त्रिपल प्लसको सन्सक्रिन दुईदेखि तीन घण्टाको फरकमा आफ्नो हातो दुई औंला (माझी औंला र चोरी औंला) भरीमा पूरा तानेर २.५ मिलिलिटर अनुहार र घाँटीसम्म पुग्ने गरेर लगाउनुपर्छ ।

बढ्दो उमेरमा छालामा समस्या नआओस् भनेर रोक्न सेरम, मस्चराइजर पनि बिहान र बेलुका लगाउनुपर्छ । अनुहारलाई धेरै सुख्खा नहुने गरी सामान्य खालको हाइजिन मेन्टेन गर्ने क्लिन्जरहरु प्रयोग गर्न सकिन्छ ।

छालामा समस्या देखिइसकेपछि अब यसको उपचार के हुन्छ भने एउटा प्रचलित उपचार बोटुलिनम टक्सिन हो । जसलाई बजारमा बोटक्स भनेर चिनिन्छ । यो निधारको चाउरी, आँखा वरिपरिको चाउरी, नाकमा हुने चाउरी हटाउन प्रयोग गरिन्छ । यो ४-६ महिनामा फेरि गर्नुपर्ने हुन्छ । पटक-पटक गर्दै जाँदा एडिएक्टिभ इफेक्टिभ हुन्छ । अर्थात् बोटोक्सले काम गर्ने समय बढ्दै जान्छ ।

अर्को छालामा फ्लड्स र गहिरो रिंकल देखियो भने फिलर्स गर्न सकिन्छ । यो उपचार एक वर्षपछि पुन: गर्नुपर्छ । अर्को छालालाई तन्काउने गरेर थ्रेड्स भन्ने प्रविधि छ । त्यसलाई छालाको बाहिरी सतहबाट तलपट्टि इन्जेक्टे गरेर छाला तन्काउन सकिन्छ । अरु छाला तन्काउने प्रक्रियामा एन्टिएजिङतर्फ हाइफू (एचआईएफयू) अथवा एमएफयू पनि छ । यो पनि गर्न सकिन्छ । हाइफू ६ महिनादेखि डेढ वर्षको फरकमा गर्न सकिन्छ । एमएफयू ३-६ महिनाको फरकमा गर्न सकिन्छ ।

माइक्रो निडल रेडियो फ्रिक्वेन्सी अर्थात् (एमएनआरएफ) पनि छ । त्यो प्रविधिले माइक्रोनिडल्सको बिचमा रेडियो फ्रिक्वेन्सी पास गरेर छाला टाइट गर्ने गरिन्छ । अहिले एकदमै प्रचलित उपचार भनेको पीआरपी (प्लेटलेट्स रिच प्लाज्मा) ट्रिटमेन्ट पनि हो । जसमा बिरामीको रगत निकालेर त्यसलाई सेन्ट्रीफ्युज गरेर पीआरपी बनाउँछौं । त्यसले नै छालामा माइक्रोनिडलिङ गरेर राख्न पनि सकिन्छ ।

अर्को भनेको बायोरेमोडुलेटर उपचार हो । यसमा छालामा रहेको प्रोटिन, कोलाजिन र इलास्टिनलाई अझ बनाउन मद्दत गर्छ । कुनै पनि माथि भनिएका उपचार विधिहरू एजिङ प्रक्रिया सुरु हुनुभन्दा पहिला नै गर्दा प्रभावकारी देखिन्छ । समस्या आइसकेपछि र शरीरमा अन्य अरू दीर्घकालीन रोग जस्तै: मधुमेह, थाइरोइड सम्बन्धी रोग, मोटोपन भएमा एन्टी एजिङ उपचार त्यति प्रभावकारी हुँदैन । साथै धूमपान र मद्यपानले धेरै गुलियो खानेकुराले पनि एजिङलाई बढाउँछ ।

> बढ्दो उमेरमा छालामा समस्या नआओस् भनेर रोक्न सेरम, मस्चराइजर पनि बिहान र बेलुका लगाउनुपर्छ । अनुहारलाई धेरै सुख्खा नहुने गरी सामान्य खालको हाइजिन मेन्टेन गर्ने क्लिन्जरहरु प्रयोग गर्न सकिन्छ ।

छालाका यस्ता समस्याबाट बच्ने यी उपचार, सन्सक्रिनको प्रयोग बाहेक खानेकुराहरुमा पनि विशेष ध्यान दिन आवश्यक हुन्छ । एन्टीअक्सिडेन्ट भएका खानेकुराहरुमा जोड दिने जस्तै फलफूल, सागसब्जी धेरै खाने, गुलियो खानेकुरा सकभर कम गर्ने, दीर्घकालीन रोगहरूको पनि उपचार गराउने, धूमपान र मद्यपान नगर्ने, शारीरिक व्यायाम, योग तथा ध्यान गर्ने लगायतका कुरामा पनि जोड दिनुपर्छ ।

*(साभार: स्वास्थ्यखबर)*


GRAND OPENING
हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट
सुदिन ड्राइमिट
OPENING OFFER!
10%
DISCOUNT
Ready To Eat
हाम्रा विशेषताहरू:
ग्याँस ओभनबाट उत्पादन गरिने ।
हानिकारक धुवाँको असर नहुने ।
१२ प्रकारका घरायसी मसलायुक्त ।
तत्काल खान मिल्ने ।
खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।
सुदिन प्याकेजिङ्ग उद्योग
SPU
हेटौंडा, मकवानपुर
सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

# नारायणी सहकारीको ऋण लगानी साढे २३ करोड बढी

साझाकुरा संवाददाता

हेटौंडा, २७ असोज/ हेटौंडा-९, स्थित नारायणी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको शनिवार २७ औं वार्षिक साधारणसभा भएको छ ।



कार्यक्रममा सहकारीका अध्यक्ष जंगबहादुर गुरुङले आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन र आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम, सचिव नारायणप्रसाद खतिवडाले लेखापरीक्षण प्रतिवेदन, लेखा सुपरीवेक्षण समितिका संयोजक धर्मप्रसाद मिश्रले आन्तरिक लेखापरीक्षण प्रतिवेदन, ऋण उपसमितिका संयोजक रामचन्द्र अर्यालले ऋणको प्रतिवेदन र व्यवस्थापक महेश अधिकारीले आव २०८०/८१ को लागि प्रस्तावित आयव्यय विवरण साथै संस्थाको आन्तरिक नीति तथा सदस्य भेटघाट कार्यविधि र संरक्षित पुँजीफिर्ता कोष कार्यविधि प्रस्तुत गरेकोमा साधारण सभाले पारित गरेको छ ।

२०५३ सालमा स्थापित नारायणी बहुउद्देश्यीय सहकारीको कूल बचत २३ करोड ४४ लाख ४६ हजार, जगेडा कोष दुई करोड १८ लाख ७८ हजार र कूल ऋण लगानी २३ करोड ५९ लाख ७३ हजार रुपैयाँ रहेको छ । भवन, जग्गासहित सहकारीको कूल सम्पती ३६ करोड ६० लाख ३१ हजार तथा अन्य कोष ६३ लाख ९१ हजार रुपैयाँ छ । एक हजार एक सय ३३ महिलासहित दुई हजार दुई सय ५९ जना शेयर सदस्य रहेको सहकारीको ६ करोड १८ लाख ८६ हजार शेयर पुँजी रहेको छ ।

कार्यक्रम जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्य तथा नारायणी बहुउद्देश्यीय सहकारीका अध्यक्ष गुरुङको सभाध्यक्षतामा भएको हो । कार्यक्रममा हेटौंडा उपमहानगरपालिका सहकारी शाखा प्रमुख हिमप्रसाद पौडेल, हेटौंडा उपमहानगरपालिका-९ का वडासदस्य विष्णु राना, निवर्तमान वडाअध्यक्ष लक्ष्मणप्रसाद भण्डारी, राष्ट्रिय सहकारी महासंघका पूर्वसंचालक बद्री लम्साल, मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष रामहरी न्यौपाने, दिब्यतारा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड हेटौंडाका अध्यक्ष डा. गणेश लामा, शिवम सिमेन्टका बिक्रम खतिवडा, कुष्माण्ड त्रिवेणीधाम विकास समितिका अध्यक्ष ईश्वरी न्यौपाने, नारायणी सहकारीका उपाध्यक्ष रामचन्द्र दाहाल लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# एकेडेमीमा आल्मुनाई गठन

साझाकुरा संवाददाता

हेटौंडा, २७ असोज/ हेटौंडा-११ स्थित हेटौंडा एकेडेमीमा आल्मुनाई गठन भएको छ । विद्यालयले शीबार आल्मुनाई भेला एवं शुभकामना आदानप्रदान गरी पूर्वविद्यार्थी दिनेश सुवदीको अध्यक्षतामा १९ सदस्यीय तर्दथ समिति गठन गरको हो ।

विद्यालयले यसवर्ष र जतजयन्ती मनाउने तयारी गरेको छ । यसको पूर्वसन्ध्यामा आयोजित कार्यक्रमले विद्यालयबाट हालसम्म एसएलसी/एसइई परीक्षा उत्तीर्ण गरेका एक हजार दुईसय ५० जना विद्यार्थीलाई समेट्ने प्रयास गरको बताइएको छ । विद्यालयका प्रमुख कार्यकारी अधिकृत रमेश रिमालको सभाध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथि नेपाल उद्योग वाणिज्य महासंघका अरुणराज सुमार्गी रहेका थिए ।

सुमार्गीले हेटौंडा एकेडेमी जिल्लाकै अग्रणी शैक्षिक संस्था बनाउन कुनै कसर बाँकी नराख्ने उद्घोष गर्दै आल्मुनाई गठनपश्चात विद्यालयको समग्र विकासमा थप बल पुग्ने धारणा ब्यक्त गरे । कार्यक्रममा विद्यालय व्यस्थापन समितिका पूर्वअध्यक्ष उत्तम शर्माढकाल, मकवानपुर बहुमुखी क्याम्पसका पूर्वक्याम्पस प्रमुख एवं विद्यालयका सल्लाहकार बद्रीनाथ शर्मा, हेटौंडा-११ की वडाअध्यक्ष जुना दाहाल, वरिष्ठ साहित्यकार हयग्रीव आचार्य, नलेज भिलेजका संचालक सुर्दशन अधिकारी, त्रिभुवन माविका प्राचार्य नारायण भण्डारी, विद्यालय व्यवस्थापन समिति सदस्य अंकिता सुमार्गी लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रमका सहभागीले आल्मुनाई गठनपश्चात विद्यालयको शैक्षिक तथा अन्य गतिबिधि अझ मजबुत भएर जाने विश्वास व्यक्त गरे । विद्यालयका प्राचार्य गौरीदेवी चिमरियाले विद्यालयले लामो इतिहास बोकेको कुरा स्मरण गराउँदैं हेटौंडा एकेडेमीबाट पास आउट भएका विद्यार्थी सबै उच्चशिक्षा हासिँल गरेर गर्विलो ठाँउमा पुगेको जानकारी गराए । नव गठित आल्मुनाईका अध्यक्ष सुवेदीलगायत सदस्यहरुले हेटौंडा एकेडेमीलाई अझ राम्रो एकेडेमी बनाउन रचनात्मक भूमिका निर्वाह सहित सहयोग गर्न लागिपर्ने कुरा व्यक्त गरे ।

# उपयोगी सहस्राब्दीको १५ औं वार्षिक साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, २७ असोज/ हेटौंडा-११, स्थित उपयोगी सहस्राब्दी बचत तथा ऋण सहकारी संस्थाको शनिवार १५ औं वार्षिक साधारण सभामा सहकारीको मुख्य कार्यालय थानाभञ्याङमा भएको छ । हेटौंडा उपमहानगरका उपप्रमुख राजेश बानियाँले उपयोगी सहस्राब्दी सहकारीको नीति, बिधि र प्रबिधिमा उत्कृष्ठ रहेको बताए ।



हेटौंडा नगरभित्रका २५३ सहकारी संस्थाले युवालक्षित उत्पादनमूलक कार्यमा जोड दिनुपर्ने बताउँदै उपप्रमुख बानियाँले युवाजनशक्ति बिदेशिने क्रम रोक्न सबैले आआफ्नो स्थानबाट प्रयास गर्नुपर्ने बेला भएको बताए । नेपालमा सम्भावना छैन भन्नेहरुलाई यहीँ सम्भावना छ भन्ने देखाउन सहकारी संस्थाको उद्देश्य तथा कार्यक्रम आउनुपर्ने बताए । कार्यक्रममा हेटौंडा-११ का वडाअध्यक्ष जुना दाहाल, राष्ट्रिय सहकारी बैंकका रामेश्वर अर्याल, जिल्ला बचत संघका मिना चौरेल, क्षिरसागर दुग्ध उत्पादक सहकारीका शालिकराम पुडासैनी, दुइबस्ती खानेपानी उपभोक्ता समितिका देवकुमार श्रेष्ठ, पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष भानुभक्त आचार्य, सहकारीका सदस्य यज्ञबहादुर आचार्यलगायतले बोलेका थिए ।

कार्यक्रममा सहकारी अध्यक्ष दिनेश बिडारीले आर्थिक वर्ष २०८०/८१ को वार्षिक लक्षित कार्यक्रमहरु प्रस्तुत गरेका थिए । यस आवमा सहकारीले शेयर सदस्य बृद्धि गर्ने, सुरक्षाको व्यवस्था गरिने, बैंक, वित्तीय संघसंस्थासँगको सहकार्य र कारोबारलाई निरन्तरता दिईने, कर्जा लगानीको सीमा संस्थाको प्राथमिक पुँजिकोषको आधारमा नियमानुसार गरिने योजना रहेको अध्यक्ष बिडारीले बताए । साधारण सभाले संस्थाको आगामी नीति तथा कार्यक्रमका साथै प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदनहरु पारित गरेको छ ।

सहकारीका सचिव ईन्द्रप्रसाद सापकोटा, कोषाध्यक्ष रामेश्वर नगरकोटी, लेखासमिति संयोजक बसन्त कप्रौलाले प्रस्तुत गरेको प्रतिबिदनहरु पनि साधारणसभाले पारित गरेको छ । ३४ जना जेष्ठ सदस्यहरुलाई सम्मान, एसइइ परीक्षामा उत्कृष्ठ अंक प्राप्त गर्ने सेयरसदस्यका छोराछोरी, उत्कृष्ठ ऋणी, उत्कृष्ठ बचतकर्ता, बाल बचतकर्ता, उत्कृष्ठ कर्मचारीलाई पनि सम्मानीत गरिएको थियो । सहकारीले ८ जना सेयर सदस्यहरुका लागि लक्की ड्रमार्फत् सरप्राइज गिफ्ट प्रदान गरेको थियो ।

# महिलामिलन साकोसको कर्जा लगानी ५५ करोड ७६ लाख

साझाकुरा संवाददाता

हेटौंडा, २७ असोज/ हेटौंडा उपमहानगरपालिका-१३ पदमपोखरीमा रहेको महिलामिलन बचत तथा ऋण सहकारी संस्थाको २३ औं वार्षिकसभा भएको छ ।




संस्थाका अध्यक्ष विष्णुमाया लामाको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरका नगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा सभा भएको हो । ७१ करोड ४९ लाख ४९ हजार ६६२ रुपैयाँको आर्थिक कारोबारको वित्तीय विवरण प्रस्तुत गर्दै संस्थाले सभा गरेको हो ।

सदस्यलाई ५५ करोड ७६ लाख ५६ हजार १५९ रुपैयाँ कर्जा लगानी गरिएको संस्थाका प्रमुख व्यवस्थापक फूलमाया मोक्तानले बताइन् । ७ करोड १ लाख ५ हजार सात सय शेयरपुजीँ रहेको संस्थामा ५१ करोड ९५ लाख ४० हजार ५३३ रुपैयाँ बचत निक्षेप रहेको मोक्तानले बताइन् । सहकारीमा ५ करोड ४१ लाख ९८ हजार ४४७ रुपैयाँ जगेडा कोष रहेको छ ।

सहकारीले सभाको अवसरमा जेष्ठ सदस्यलाई सम्मान गरेको छ । सम्मान हुनेमा विष्णुमाया घलान, कुमारी रानामगर, देवीमाया मुक्तान, फूलमाया घलान, सरितामाया मुक्तान, सुकुमाया थिङ, कान्छीमाया थिङ, ठाइली दोङ, कान्छीमाया गोले, हीरामाया थिङ, ठुलीमाया तितुङ, प्लातीमाया थिङ, हरिमाया थिङ, सरस्वतीदेवी पौडेल, मायानी गोले, यममाया लोप्चन, विष्णुमाया थिङ, सानुमाया थिङ, ठुलीमाया मोक्तान र इन्द्रमाया दोङलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष कल्पना श्रेष्ठ, वडा १३ का सदस्य उत्तम गोम्जा, जिल्ला सहकारी संघका व्यवस्थापक गोविन्द दाहाल, महिला सेवा साकोसका अध्यक्ष अचला शर्मा, जनचेतना साकोसका अध्यक्ष जानुका दवाडी, ग्रामीण महिला सेवाकेन्द्रका कोषाध्यक्ष देवकी चौलागाई, संस्थाका तदर्थ समितिका अध्यक्ष राममाया घिसिङ, महेन्द्र माविका प्रअ विष्णु श्रेष्ठलगायतको आतिथ्यता रहेको थियो ।

# कमल थापाले भने, 'प्रदेश संरचना खारेज गरौं'

साझाकुरा संवाददाता

हेटौंडा, २७ असोज/ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपालका अध्यक्ष एवं पूर्वउप प्रधानमन्त्री कमल थापाले प्रदेश संरचना खारेज गर्नुपर्ने बताएका छन् ।

संघीयताअन्तर्गत प्रदेश संरचना मुलुकका लागि घाँडो भएकाले त्यसलाई खारेज गर्नुपर्ने उनको तर्क थियो । पार्टीद्वारा शनिबार ललितपुरमा आयोजित एक कार्यक्रममा बोल्दै अध्यक्ष थापाले वैदेशिक ऋणको भरमा कहिलेसम्म प्रदेश संरचनालाई कायम राख्ने ? भनी प्रश्न गरे । 'यो बीचको प्रदेश संरचना आवश्यक छैन । यसलाई खारेज गर्नुपर्छ भन्ने हाम्रो मान्यता हो । यो प्रदेश संरचना अहिले नेपाललाई घाँडो भएको छ । नेपाली अर्थतन्त्रले धान्न नसक्ने अवस्था छ । कहिलेसम्म विदेशीका ऋण ल्याएर यो प्रदेशको संरचनालाई कायम गर्ने ?', थापाले भने ।

'नेपाल जस्तो सानो देशमा किन सयभन्दा बढी मन्त्रीहरु चाहिन्छ भन्नु त ? अहिले हरेक प्रदेशमा १०/१२ जना मन्त्रीहरु छन् । किन झन्डै सय जना मन्त्रीहरु चाहियो ? हाम्रो जस्तो सानो देशमा ५/७ सयको संख्यामा किन सांसदहरु चाहियो भन्नुस् ? चाहिँदैन । त्यसकारण अर्बौं रुपैयाँ खर्च गरेर ती सांसद र मन्त्रीहरुलाई पालेर राख्नुपर्ने जरुरी छैन । त्यसर्थ, दुई तहको सरकार बनाऔं भन्ने हाम्रो धारणा हो ।',

अध्यक्ष थापाले सनातन धर्मको संरक्षण गर्ने र बर्तमान भ्रष्ट व्यवस्था सुधारका लागि आफ्नो पार्टीले आन्दोलनको घोषणा गरेको जिकिर गरे । 'म फेरि पनि यो आमसभाको माध्यमबाट कांग्रेस, एमाले र माओवादीका नेताहरुलाई भन्न चाहन्छु-हामीले कुनै अतिवादी कुरा गरेका छैनौं । कुनै प्रतिगामी कुरा गरेका छैनौं । हामीले सबै नेपाली अटाउने व्यवस्था बनाऔं भनेको हो । के त्यो अपराध हो ? सनातन धर्म, संस्कृतिको संरक्षण गरौं भन्नु अपराध हो ? तसर्थ, वर्तमान भ्रष्ट व्यवस्थामा सुधारका निमित्त तयार हुन म सबै राजनीतिक दलका नेताहरुलाई आग्रह गर्न चाहन्छु । तर, तपाईंहरु अब चुप लागेर बस्नुभयो भने अब नेपाली जनता चुप लागेर बस्दैन ।', थापाले भने ।

# 'जनता पीडामा हुँदा सरकार भागबण्डामा रमाउँदै'



साझाकुरा संवाददाता

हेटौंडा, २७ असोज/ मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर २ का सांसद नेकपा एमालेका सचेतक महेशकुमार बर्तौंलाले जनता पीडामा हुँदा सरकार भने राजनीतिक भागबण्डामा रमाइरहेको टिप्पणी गरेका छन् ।

शनिबार हेटौंडामा मदन भण्डारी फाउन्डेसन मकवानपुरद्वारा आयोजित शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै सचेतक बर्तौंलाले देश विषम परिस्थितिबाट गुज्रिरहेको अवस्थामा सरकार स्वार्थ अनुकूल भागबण्डामा केन्द्रित भएको आरोप लगाएका हुन् ।

जनताका समस्यालाई बेवास्ता गरेर सरकार राजनैतिक भागबण्डामा रमाएको उनले आरोप लगाए । उनले सरकारले जनताका आधारभूत आवश्यकतालाई नजरअन्दाज गरिरहेको बताए ।

'वर्तमान अवस्थामा नागरिकहरु आर्थिक संकटको मारमा छन् तर, सरकार भागबण्डा गरेर पदको बाँडफाँडमा केन्द्रित छ ।', उनले भने, 'अहिले देश अवस्था राम्रो छैन । जनताहरु समस्यामा छन् । तर, सरकार भने जनताका समस्यालाई बेवास्ता गरेर पदीय भागबण्डामा सक्रिय भएको छ । सरकारले नागरिकलाई लक्षित गरी कुनै पनि राम्रा काम गर्न सकेको छैन ।',

सचेतक बर्तौंलाले देशको परिस्थिति प्रतिकूल भएको अवस्थामा सद्भावको भावना बाँडेर एकता कायम राख्न जरुरी रहेको उनले बताए । अनेक प्रतिकूलता बिचबाट अनुकूलता खोज्नु पर्नेमा अवस्था रहेको उनको भनाई छ ।

कार्यक्रममा बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले सरकार हराएको टिप्पणी गरे । उनले वर्तमान अवस्थामा सरकार कहाँ छ ? भनेर खोज्ने बेला भएको बताए ।

संघीय सरकार र प्रदेश सरकारले जनताका अपेक्षा अनुसार कुनैपनि काम गर्न नसकेको भन्दै नागरिकले सरकार खोज्ने बेला आएको उनले बताए । देश आर्थिक संकटबाट गुज्रिरहेकोले नागरिक समस्यामा रहेका बखत सरकार बेखबर भएको उनले आरोप लगाए ।

# युवा बचत सहकारीको बचत १८ करोड

साझाकुरा संवाददाता

हेटौंडा, २७ असोज/ हेटौंडा-२, स्थित युवा बचत तथा ऋण सहकारी संस्थाको शनिवार १७ औं वार्षिक साधारणसभामा भएको छ । सहकारीमा गत आव २०७९/८० सम्म बचत रकम १८ करोड ८ लाख ११ हजार ५ सय ७१ रुपैयाँ पुगेको छ ।

कार्यक्रममा सहकारी अध्यक्ष राजुप्रसाद गौतमले आर्थिक वर्ष २०८०/८१ को वार्षिक लक्षित कार्यक्रमहरु प्रस्तुत गरेका थिए । यस आवमा सहकारीले शेयर सदस्य २ हजार ५ सय ९२ बाटवृद्धि गरी ३ हजार १ सय पुऱ्याउने, संस्था अभिकर्ता भई सदस्य तथा कर्जा बीमा कार्य गरिने, सहकारीका कर्मचारीलाई १ लाख, २ लाख र ७ लाखको बीमा संस्थाले गरिदिने, काउन्टर तथा रुट बीमा गरी सुरक्षाको व्यवस्था गरिने, बैंक, वित्तीय संघसंस्थासँगको सहकार्य र कारोबारलाई निरन्तरता दिईने, सुविधाकर्जावापत सदस्यको जम्मा बचतको ८० प्रतिशत जुनसुकै बेलामा पनि उपलब्ध गराईने र सो कर्जामा सेवाशुल्क नलाग्ने, कर्जा लगानीको सीमा संस्थाको प्राथमिक पुँजिकोषको आधारमा नियमानुसार गरिने योजना रहेको अध्यक्ष गौतमले बताए ।

साधारणसभाकी प्रमुख अतिथि बागमती प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठले सहकारीहरु महिलाको जीवनस्तर उकास्न सहयोगी हुनुपर्ने बताएकी छन् ।

हेटौंडा उपमहानगर पालिका सहकारी शाखाप्रमुख हिमप्रसाद पौडेलले सहकारी घर आँगनको बैंक भएको बताए । रोजगार सिर्जना गर्नेदेखि व्यावसायिक प्रगति पनि गरेको उनले बताए ।

हेटौंडा उपमहानगर पालिकाको नीति विधि र सिद्धान्तसँग मेल नखाएमा नगरपालिकाले कुनै पनि हालतमा नछाड्ने पौडेलले बताएका छन् । सहकारीले ऋण, बचत व्याज मात्रै नभई, आम्दानीमा जोड्ने नीति ल्याउनु पर्नेमा उनको जोड छ ।

# युवा कबिता प्रतियोगितामा सुनसरीका सुरज प्रथम

साझाकुरा संवाददाता

हेटौंडा, २७ असोज/ राष्ट्रिय युवा कविता उत्सवमा आयोजित कविता प्रतियोगितामा सुनसरीका सुरज पराजुली प्रथम भएका छन् । पराजुलीको 'पर्खाइ' शीर्षकको कविता प्रथम भएको हो । प्रतियोगितामा चितवनका कवि अन्जान प्रदीप द्वितीय भएका छन् । अन्जानको 'कुण्डली' शीर्षकको कविताले दोस्रो स्थान प्राप्त गरेको हो । नुवाकोटका कवि एलिशा एकलासको 'निर्धो बक्र रेखाहरु' शीर्षकको कविता तृतीय भएको छ ।

बागमती प्रदेश युवा परिषद्को आयोजना तथा साहित्य संगम मकवानपुरको समन्वयमा शनिबार हेटौंडामा सम्पन्न वाचन प्रतियोगिताको नम्बर जोडेर अन्तिम नामावली सार्वजनिक गरिएको हो । कविता प्रतियोगितामा देशभरिबाट प्राप्त रचनामध्ये उत्कृष्ठ २० जना कविता छनोट भएकोमा १८ जना काविहरु उपस्थित भएर कविता वाचन गरेका थिए । राष्ट्रिय युवा कविता उत्सव २०८० मा कविता प्रतियोगिता, एकल कवितावाचन, युवापुस्तामा कविता क्रेज सन्दर्भमा बहस तथा पुस्तक प्रदर्शनी भएको थियो ।

तनहुँका कवि भीमप्रसाद सापकोटा सान्त्वना भएका छन् । कवि सापकोटाको मेरो यात्रा कविताले सान्त्वना स्थान प्राप्त गरेको हो । प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने कविहरुले क्रमश: ४० हजार, ३० हजार, २० हजार र १० हजार रुपैयाँसहित सम्मानपत्र प्राप्त गरेका छन् । प्रतियोगिताको अन्त्यमा कवि विप्लप प्रतीकले १० वटा कविता वाचन गरेका थिए ।

बागमती युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईको अध्यक्षता तथा बागमती प्रदेश सरकारका सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यमा कविता उत्सवको उद्घाटन भएको थियो ।

## नेपाल रेडक्रस सोसाइटी हेटौंडा मकवानपुरको सूचना

नेपाल रेडक्रस सोसाइटी, हेटौंडा उपशाखाको वार्षिक साधारणसभा तथा चाडपर्व लक्षित शुभकामना आदानप्रदानकार्यक्रम पतशिल बमोजिमको मिति समय र स्थानमा आयोजना हुने भएकाले यस उपशाखा अन्तर्गतका सम्पूर्ण अजीवन सदस्यहरुलाई अनिवार्य उपस्थितिको लागि अनुरोध गरिन्छ ।


**तपशिल**
**मिति** : २०८० असोज २९ गते सोमबार
**समय:** विहान ७:०० बजे
**स्थान:** पशुपति मन्दिर, हेटौंडा-४
**सम्पर्क नं.** ९८५५०७१६५८

**नेपाल रेडक्रस सोसाइटी**
**हेटौंडा उपशाखा, हेटौंडा-४**

## डेंगु रोग सम्बन्धि जानकारी

डेंगु रोग एडिज लामखुट्टेको टोकाइबाट सर्ने सरुवा रोग हो । यो रोग एक मानिसबाट अर्को मानिसमा संक्रमित पोथी लामखुट्टेको टोकाइबाट सर्दछ । डेंगु रोग लागेपछि निम्न लक्षणहरु देखिन्छन् ।

- उच्च ज्वरो आउनु ।
- आँखाको गेडी वरिपरि तथा टाउकाको पछाडीको भाग दुख्ने ।
- जिउ दुख्ने ।
- जोर्नी, हड्डी तथा मांशपेशी दुख्ने ।
- छालामा बिमिरा आउने ।
- शरीरका कुनै पनि भागबाट रक्तश्राव हुने ।




डेंगु रोगको उपचार :
- डेंगु रोग भाईरसको कारणबाट हुनेहुंदा खास उपचार र खोप नभएकाले समयमै स्वास्थ्य सस्था वा अस्पताल गई लाक्षणिक उपचार गर्नु पर्दछ ।

डेंगु रोगबाट बच्ने उपायहरु :
- डेंगु ज्वरोबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नु पर्छ ।
- लामखुट्टेको टोकाइबाट बच्नका लागि दिनको समयमा पुरै शरिर ढाकिने गरी लुगा लगाउने ।
- सुत्दा झुलको प्रयोग गर्ने ।
- जम्मा भएको सफा पानीमा डेंगु रोग सार्ने लामखुट्टेको बासस्थान हुने भएकाले घर वरिपरिको पानी जम्ने स्थानहरु जस्तै: खुल्ला पानी ट्याङ्की, टायर, गमला तथा कुनैपनि भाडामा लामो समयसम्म पानी जम्न नदिने र प्रत्येक ३ वा ४ दिनमा भाडा खाली गर्ने ।
- घरायसी प्रयोजनका लागि संकलन गरिएको पानीको भाडा राम्रोसंग ढाक्ने ।
- नियमित वातावरणीय सरसफाई गर्ने ।

**हेटौंडा उपमहानरपालिका १६ नं वडा कार्यालय**
**हेटौंडा, मकवानपुर**

## हार्दिक श्रद्धाञ्जली



जन्म: १९९५/१०/०६

स्वर्गारोहण: २०८०/०५/११

स्व. भिम माया थिङ

मेरो ममतामयी माता **भिम माया थिङ**को असामयिक स्वर्गारोहण भएको आज ४९ औं दिनको पुण्यतिथिमा उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । शोकको यस घडीमा हामीप्रति सहयोग, सद्भाव र समवेदना व्यक्त गर्नुहुने तथा सागरमा पाल्नुहुने इष्टमित्र, छरछिमेकलगायत सम्पूर्ण महानुभावहरुप्रति कृतज्ञ हुँदै ४९ औं दिनको पुण्यतिथिमा पितृप्रसाद ग्रहणका निमित्त मिति २०८० असोज २८ गते, दिउँसो २:०० बजेदेखि हेटौंडा-१ चौकीटोलस्थित आफ्नै निवासमा पाल्नुहुन सादर आमन्त्रण गर्दछौं ।

छोरा:
**बलि बहादुर थिङ,**
एवम्
**समस्त थिङ परिवार**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना